REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 29.01.2025

---

## Union Budget

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमनले आउँदो पहिले फरवरीका दिन वित्त वर्ष 2025-2026 को बजट प्रस्तुत गर्नुहुनेछ ।

यसमा सरकारका आर्थिक प्राथमिकताहरू र घरेलू तथा वैश्विक चुनौतीहरूको सामना गर्नका लागि वित्तिय रणनीति हुनेछ ।

यसपालि सरकारको ध्यान देशमा सुदृढ ढाँचाको निर्माणमाथइ जोड़ दिएर आर्थिक वृध्दि, रोजगार सृजन र वित्तीय कुशलतामाथि केन्द्रित हुने विशेषज्ञ र मानिसहरूले आशआ गरेका छन्।

यसैवीच सरकारले संसदको बजट सत्तअघि भेलि सर्वदलीय बैठक बोलाएको छ ।

बजट अधिवेशन एकतीस जनवरीदेखि शुरू हुनेछ ।

पहिलो दिन रास्ट्रपति श्रीमती द्रौपदी मुर्मुले लोकसभा र राज्यसभाको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुनेछ।

---

## Soreng Organic Fisheries

सोरेङ जिल्लामा जैविक माछा उत्पादन शुरू गरिएको छ।

केन्द्रीय पशुपालन तथा माछापालन मन्त्री श्री राजीब रञ्जन सिंहले हालै गुवाहाटीमा आधिकारिक रूपमा यस्तो पहलको शुभारम्भ गर्नुभयो।

यो परियोजना अन्तर्गत सोरेङ जिल्लाको दरमदिन प्रखण्ड अन्तर्गत लुङ्ज्याम गाउँलाई प्रायगिक आधआरमा जैविक माछा पालनका लागि अप्नाइएको छ।

यस केन्द्रमा हानीकारक रसायनहरू, एन्टीबायोटिक औषधि र कीटनाशकहरू उपयोग नगरेर पर्यावरणको दृष्टिले स्वस्थ माछा पालन प्रणालीमाथि ध्यान केन्द्रित गरिनेछ ।

यस्तो पहलले कृषकहरूको आय वृध्दि र उपभोक्तानहरूलाई उपलब्ध गराउनमा सहयोग हुने बताइएको छ।

सोरेङका जिल्लाधीश श्री धीरज सुवेदीले भन्नुभयो- यस कार्यमा सफलमा प्राप्त गर्नका लागि जिल्ला प्रशासनले अन्य हितधारकहरूसित मिलेर पर्याप्त जल संचदन प्रणालीमाथि जोड़ दिने योजना बनाइरहेछ।

उहाँको भनाईमा त्यसपछि सोरेङ जिल्लाका सबै छ प्रखण्डहरू जैविक माछा पालन लागू गरिनेछ।

माछा पालनको सम्पूर्ण प्रक्रिया जैविक रूपमा भएको सुनिश्चित गर्न जिल्ला प्रशासनले प्रशिक्षणमाथि जोड़ दिएको छ।

---

## Sikkim Farmer Awarded

भारतीय कृषि अनुसन्धान परिषद ICAR पूर्वोत्तर क्षेत्रले यसै महीनाको दोस्रो साता मेघालयको युमियाममा पचासौ स्थापना दिवस मनायो।

परिषदको स्वर्णजयन्ती समारोहमा दक्षिण सिक्किमको सुम्बुकका प्रगतिशील कृषक श्री दुर्गा प्रसाद नेवारलाई पहिलो उत्कृष्ट कृषक पुरस्कारले सम्मानित गरियो।

जैविक खेती तथा ढिगो कृषि अभ्यासमा उल्लेखनीय योगगदानका लागि उहाँलाई पुरस्कृत गरिएको हो।

ICAR सिक्किम केन्द्रसित मिलेर श्री दुर्गा प्रसाद नेवारले चार हेक्टर जमीनलाई जैविक उत्पादन केनद्रमा परिवर्तित गर्नुभएको छ।

---

## PM Vishwakarma Yojana

पीएम विश्वकर्म योनजा सम्बन्धमा एउटा बैठक गान्तोक जिल्ला प्रशासनिक केन्द्रमा आज बस्यो।

भारतभरिका पारम्परिक कारिगर र शिल्पकारहरूलाई सहयोग गर्ने उदेश्यले शुरू गरिएको ध्वजवाहक पहल पीएम विश्वकर्म योजनाको कार्यान्वियनबारे समीक्षा गरने उदेश्यले बैठक डाकिएको थियो ।

यसमा लाभार्थीहरूको पञ्जीकरणलाई छरितो बनाउने बाधारहित वित्तीय सहायता र कौशल विकास कार्यक्रमहरूलाई बढ़ाउने सम्वन्धमा विचारविमर्श गरियो । बैठकले सिक्किमका कारिगरहरू पीएम विश्वकर्म योजनाद्वारा उपलब्ध हुने अवसरहरूबाट पूर्ण रूपले लाभान्वित भएको सुनिश्चित गर्न क्षेत्रमा योजनाको कार्यन्वयनलाई सुदृढ बनाउने त्रिश्चय गरेको छ ।

---

## Workshop

राज्यको वित्त विभागको वाणिज्यक कर प्रभागले आज गान्तोकको चिन्तन भवनमा ग्राम पञ्चायत इकाइहरूका श्रोतमै वस्तु तथा सेवा कर कटौती सम्वन्धमा एउटा कार्यशाला आयोजित गरयो ।

यसमा जि एस ट-7 फर्म भर्ने सम्वन्धमा पनि जानकारी दिइयो ।

स्थानीय स्तरमा कर नियमनको सुचूरू कार्यान्वियन सुनिश्चित गर्ने उदेश्यले कार्याशाला आयोजना गरिएको थियो ।

---

## Karate

पहिलो सिक्किम खुल्ला अन्तरास्ट्रिय कराते च्याम्पियनशीप 2025 गान्तोकको पाल्जोर स्टेडियमको Indoor जिमनासियममा आजदेखि शुरू भएको छ ।

गेजिङ बर्मेकका विधायक श्री लोकनाथ शर्माले यसको शुभारम्भ गर्नुभयो ।

दुई दिने लामो च्याम्पियनशीपको आयोजना सिक्किम राज्य कराते डो संघले गरिरहेछ ।

यसमा नेपाल, भुटान र जापान अनि भारतका विभिन्न भागका गरी सात सय भन्दा धेरै कराते खेलाड़ीहरूले भाग लिइरहेछन्।

च्याम्पियनशीपमा सब जुनियर, क्याडेट, जुनियर ठिटा र ठिटी अनि पुरूष तथा महिला वर्गमा प्रतिस्पर्धा हुनेछ।

---

## Weather

राज्यमा विगत केही दिनदेखि आकाशमा बादल छाएकाले जाड़ोको प्रकोप बढ़ेको छ।

सथानीय मौसम विज्ञान विभागको रिपोर्ट अनुसार गान्तोक र वरपर क्षेत्रमा बितेको चौबिस घण्टामा अधिक्तम तापमान एघार दशमलउ सात डिग्री सेल्सियस र न्यूनतम तापमान आठ दशमनउ छ डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि अधिकतम तापमान तेह्र डिग्री सेल्यिस र न्यूनतम तापमान सात डिग्री सेल्सियस रहनेछ।

---